# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.:- २०८२।०८३
च.नं. :- ०२६५८

मिति: २०८३।०१।१५

विषय : छात्रवृति उपलब्ध गराउने सम्बन्धमा ।

श्री सबै संस्थागत विद्यालय,
रामधुनी नगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा रामधुनी नगरपालिका नगर शिक्षा समितिको मिति २०८३।०१।१४ गतेको निर्णय अनुसार संस्थागत विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयहरूले अनिवार्य तथा नि:शूल्क शिक्षा सम्बन्धी ऐन २०७५ को परिच्छेद ३ को दफा २७ को उपदफा ३ बमोजिम सो विद्यालयको विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयले प्रारम्भिक बाल विकास तथा शिक्षादेखि बाह्र कक्षासम्मका कुल विद्यार्थी सङ्ख्याको देहायबमोजिम विद्यार्थीहरूलाई नि:शुल्क शिक्षा प्रदान गर्न छात्रवृति उपलब्ध गराउने निर्णय भएकाले सोहि अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

**१) छात्रवृति प्रतिशत:**

(क) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत ।

(ख) पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा बाह्र प्रतिशत ।

(ग) आठ सयभन्दा वढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत ।

**२) छात्रवृति प्रदानको समूह, प्रतिशत तथा छनोटका आधार:**

निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयहरूले अनिवार्य तथा नि:शूल्क शिक्षा सम्वन्धी ऐन २०७५ को परिच्छेद ३ को दफा २७ को उपदफा ३ बमोजिम उपलब्ध गराउने छात्रवृति देहायबोजिमको समूहलाई तोकिएको छनोटको मापदण्ड अनुसार तपसिलवमोजिम उपलब्ध गराउने ।

तपसिल:

| क.स | तोकिएको समूह | प्रतिशत | छनोटका आधार |
|---|---|---|---|
| १ | विपन्न | ३० प्रतिशत | सम्बन्धित वडाको विपन्नताको सिफारीसलाई आधार लिने । |
| २ | जेहेन्दार | ३० प्रतिशत | विद्यालयले लिएको प्रवेश परीक्षा प्राप्ताङ्क तथा |

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

रामधुनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.:- २०८२।०८३

च.नं. :-

मितिः २०८३।०१।१५

| | | | |
|---|---|---|---|
| | | | अघिल्लो कक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार लिने । |
| ३ | दलित | १३ प्रतिशत | नगरपालिकाको सिफारिस, सम्वन्धित वडाको विपन्नताको सिफारीस र विद्यालयले लिएको प्रवेश परीक्षा प्राप्ताङ्क तथा अघिल्लो कक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार लिने । |
| ४ | जनजाति | १० प्रतिशत | सम्वन्धित वडाको विपन्नताको सिफारीस र विद्यालयले लिएको प्रवेश परीक्षा प्राप्ताङ्क तथा अघिल्लो कक्षामा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार लिने । |
| ५ | संस्थागत विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीका छोराछोरी | १० प्रतिशत | विद्यालयले छनोट गरी उपलब्ध गराउने। |
| ६ | अन्य (शहिदका छोराछोरी, वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका व्यक्तिका छोराछोरी ) | ४ प्रतिशत | सम्वन्धित वडाको सिफारीसलाई आधार लिने । |
| ७ | अपाङ्गता | ३ प्रतिशत | विद्यार्थीको अपाङ्गताको परीचय पत्रअनुसार अनुसार क, ख र ग वर्गलाई मात्र उपलब्ध गराउने |

**नोटः** संस्थागत विद्यालयहरूले माथि उल्लेखित विद्यार्थीहरूलाई मासिक शुल्क, वार्षीक शुल्क, भर्ना शुल्क, स्थानान्तरण शुल्क, परीक्षा शुल्क र शैक्षिक सामग्री शूल्क वापतको कुनै पनी रकम लिन पाईने छैन् ।

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

रामधुनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.:- २०८२।०८३

च.नं. :-

मितिः २०८३।०१।१५

<u>अन्य शुल्कको सम्बन्धमा तपसिलबमोजिम गर्ने</u> :

<u>तपसिल:</u>

क) आवास शुल्क : विद्यालयले पेश गरेको आवास सञ्चालन कार्यक्रम/योजनालाई आवासिय विद्यार्थीहरूको अभिभावकको दुईतिहाइ भेलाले अनुमोदन गरी लागु गर्नु पर्नेछ ।

ख) दिवा भोजन तथा खाजा शुल्क : दिवा भोजन तथा खाजा सेवा उपभोग गर्ने विद्यार्थीको अभिभावक भेलाले पारित गर्नु पर्नेछ ।

ग) परीवहन (यातायात) शुल्क : परीवहन सेवा उवभोग गर्ने विद्यार्थीको अभिभावकको भेला र विद्यालयविच भएको सहमति अनुरुप हुनेछ ।

घ) विशेष प्रशिक्षण शुल्क: विशेष प्रशिक्षण शुल्क गणना गर्दा विद्यालयले आवश्यक शूल्क प्रस्ताव गरी उक्त सुविधा उपभोग गर्ने विद्यार्थीहरूको कम्तिमा पनि दुईतिहाइ अभिभावकहरूको भेलाबाट पारित गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

तेजनारायण यादव

प्रमुख प्रशासकीय अधिकृत